# भाग ५

## निर्वाचन आयोगको

## सूचना

निर्वाचन आयोगले संवत् २०७९ साल माघ २५ गते हुने राष्ट्रिय सभा सदस्य उपनिर्वाचन प्रयोजनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६ अनुसार देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०७९।१०।०८ | | १०:०० | ११:०० | निर्वाचन अधिकृतको कार्यालय |
| २ | दाबी विरोधको उजुरी दिने (प्रकाशित नामावलीमा नाम समावेश हुन छुट भएका व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने तथा प्रकाशित नामावलीमा उल्लेख भएका मतदाताको विरोधमा उजुरी दिने समेत) | २०७९।१०।०८ | | ११:०० | १६:०० | ऐ. ऐ. |
| ३ | निवेदन तथा उजुरी उपर छानबिन र कारबाही गर्ने | २०७९।१०।०९ | २०७९।१०।१० | १०:०० (मिति २०७९।१०।०९) | १५:०० (मिति २०७९।१०।१०) | ऐ. ऐ. |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७९।१०।१० | | १५:०० | १६:०० | ऐ. ऐ. |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७९।१०।११ | | १०:०० | १५:०० | ऐ. ऐ. |
| ६ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९।१०।११ | | १५:०० | १६:०० | ऐ. ऐ. |
| ७ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७९।१०।१२ | | १०:०० | १६:०० | ऐ. ऐ. |
| ८ | मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९।१०।१३ | २०७९।१०।१४ | १०:०० (मिति २०७९।१०।१३) | १५:०० (मिति २०७९।१०।१४) | ऐ. ऐ. |
| ९ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९।१०।१४ | | १५:०० | १६:०० | ऐ. ऐ. |
| १० | उम्मेदवारले नाम फिर्ता लिने | २०७९।१०।१५ | | १०:०० | १६:०० | ऐ. ऐ. |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९।१०।१६ | | १०:०० | १२:०० | ऐ. ऐ. |
| १२ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७९।१०।१६ | | १२:०० | १६:०० | ऐ. ऐ. |
| १३ | मतदान गर्ने | २०७९।१०।२५ | | १०:०० | १५:०० | तोकिएको मतदान केन्द्र |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**द्रष्टव्यः**

१. क्रम सङ्ख्या १ बमोजिमको मतदाता नामावली आयोगको वेबसाइट www.election.gov.np मा समेत प्रकाशन गरिनेछ।

२. मतदान पश्चात सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा मतगणना कार्य शुरू गरिनेछ । मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ।

**आज्ञाले,**
**यज्ञप्रसाद भट्टराई**
**निमित्त सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य** रू. ५।-
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।